बैठक संख्या: २०८०।०८१ – ०१

बैठक: घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक।

मिति र समय: वि. स. २०८० साल साउन १८ गते विहिबार समय: दिनको ११ बजे देखि सुरु।

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू।

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधा देवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री विष्णु प्रसाद पोखरेल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा नं. १ वडा अध्यक्ष | | |
| ५ | श्री नर बहादुर थापा | घिरिङ गाउँपालिका वडा नं. २ वडा अध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिका वडा नं. ३ वडा अध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिका वडा नं. ४ वडा अध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिका वडा नं. ५ वडा अध्यक्ष | | |
| ९ | श्री इश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री पार्वती विक | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क. | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| | | राष्ट्र सेवक कर्मचारीहरु | | |
| १५ | युवराज कार्किले | अधिकृत | | |
| १६ | अविनाश ढकाल | लेखा अधिकृत | | |
| १७ | | | | |
| १८ | | | | |

**घिरिङ गाउँपालिका**

**गाउँ कार्यपालिका**

कार्यपालिका बैठक संख्या :- २०८०/०८१/०१ मिति : २०८०/०४/१८

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु बिहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) निकासी कर सम्बन्धमा ।

२) अभियान कार्यक्रम सम्बन्धमा ।

क, संस्था दर्ता

ख, बजार अनुगमन

ग, विद्यालय,स्वास्थ्य संस्थाहरु ।

३) राष्ट्रिय भुमी आयोग सम्बन्धमा ।

४) सडक वोर्डको रकम सुनिश्चित सम्बन्धमा ।

५) विद्यालय व्यवस्थापन मापदण्ड सम्बन्धमा ।

६) विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

७) उपभोक्ता समिति गठन र इष्टमेट सम्बन्धमा ।

८) घिरिङ गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण तथा योजना २०८० सम्बन्धमा ।

९) विविध ।

निर्णयहरु,

निर्णय १ प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.०८०/०८१ मा यस पालिकामा उत्पादन भएका स्थानीय उत्पादनहरु पालिकाबाट अन्य स्थानमा जाने सामान / बस्तुमा करको दायरामा ल्याउनका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय २) प्रस्ताव नं. २ माथि छलफल गर्दा पालिका भित्र रहेका बजार नियमित अनुगमन गर्ने । पालिकामा रहेका व्यवसायहरुको विवरण तयार वडा कार्यालयहरुले संकलन गर्ने र विधि प्रकृया पुर्याई दर्ता प्रकृया अगाडी बढाउने । दर्ता प्रकृया घुम्ती रुपमा संचालन गर्ने निर्णय गरियो ।

- विद्यालय स्वास्थ्य संस्था र सम्वन्धित मातहतका निकायहरुको नियमीत अनुगमन सुपरीवेक्षण गरी पृष्ठपोषण दिने निर्णय गरियो ।

निर्णय नं.३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रिय भुमी आयोग सम्वन्धी तथ्याङ्क संकलनको काम पुरा भै सकेको साथै बाँकी कामकाज आयोगको निर्देशनानुसार अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.४)प्रस्ताव नं.४माथि छलफल गर्दा सडक कोर्डबाट प्रप्त रकम मध्य गाउँपालिकाबाट नियमानुसार व्यहोर्नु पर्ने थप २०% रकमका लागि लामो समयको जन्मान्तरका लागि स्याटलाईट शिविरको आठ लाखबाट रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं.५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा विद्यालय व्यवस्थापन सम्बन्धी मापदण्ड २०८० सर्वसम्वत पास गर्ने निर्णय गरियो ।

निर्णय नं.६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा हालसम्म पनि विद्यालय व्यवस्थापन समिति गठनको सबै विद्यालयहरुमा सम्पन्न हुन नसकेको पाइएको हुँदा भदौको पहिलो हप्तासम्म पनि व्यवस्थापन समिति गठन काम विद्यालयबाट हुन नसकेमा कानून बमोजिम कार्यालयले सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व.मा संचालन हुने योजनाको लागि ठेक्काबाट संचालन हुन योजनाहरुका लागि ठेक्का सूचनाको काम श्रावण मसान्त सम्म र उपभोक्त समिति गठन र इष्टिमेटको काम भदौ पहिलो हप्तादेखि शुरु गर्ने निर्णय गरियो ।

निर्णय नं.८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा घिरिङ गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण तथा योजना २०८० स्वीकृत गरि राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

८.विविध शिर्षकमा तपसिलका निर्णय गरियो ।

- वार्षिक समिक्षा लागि वडा कार्यालयहरुबाट प्रगति प्रतिवेदन माग गर्ने ।
- पार्वती प्रा.वि.विद्यालय भवन इष्टिमेट अनुसार संरक्षणको काम अगाडी बढाउने ।
- घिरिङ गाउँपालिका वडा नं.३ बस्ने एकमाया गरुङको घरमा मिति २०८०/०४/०५ गतेका दिन चट्याङ्ग परी पशु चौपय र घरमा धेरै क्ष्यती भएको हुँदा रु.१५०००।०० (अक्षरुपी पन्ध्र हजार) मात्र आर्थिक सहायता दिने ।
- महामृत्युन्जय धाम डि.पी.आर.को काम अगाडी बढाउने ।
- गाउँपालिकाको लोगो बनाउने काम अगाडी बढाउने ।
- गढौलीटार स्वास्थ्य ईकाइमा कार्यालय सहयोगी आवश्यक रहेको हुँदा भर्ना प्रक्रिया अगाडी बढाउने ।
- यसै पालिका वडा नं.२ देउरालीमा स्वास्थ्य इकाई आवश्यक रहेको हुँदा हालका लागि घुम्ती शिविर गरी हप्तामा ३ (तीन) दिन सेवा संचालनको काम अगाडी बढाउने ।
- पालिकामा रहेको जे.सि.वि.सवारी चालन पदम बहादुर थापालाई काम गर्दाका बखतको प्रति घण्टा रु.१००।०० (अक्षरुपी एक सय )का दरले भत्ता दिने भन्ने निर्णय गरियो ।

बिष्णु प्रसाद ...

होम बहादुर थापा
अध्यक्ष

- कार्यालयका नाममा रहेका सवारी साधन (मोटरसाईकल) मर्मतका लागि वार्षिक रु.५०००।०० ( अक्षरुपी पाँच हजार) मात्र कार्यालयबाट भुक्तानी हुने साथै उक्त रकम भन्दा बढी खर्च भएमा सवारी साधन (मोटरसाईकल) प्रयोग गर्ने कर्मचारीले नै भुक्तानी गर्ने ।
- कार्यालयमा कार्यरत ईन्जिनियर,सव-ईन्जिनियर र अ.सव-ईन्जिनियले गत वर्षमा खाईपाई आएको थप भत्तामा मासिक रु.२०००।०० अक्षरुपी दुई हजारका दरले वृद्धि गरि चालु आ.व.मा ईन्जिनियरलाई रु.८०००।०० (अक्षरुपी आठ हजार ),सव-ईन्जिनियर रु.७०००।०० (अक्षरुपी सात हजार) र अ.सव-ईन्जिनिय रु.५०००।०० (अक्षरुपी पाँच हजार) मात्र मासिक भत्ता थप गर्ने ।
- क्र.सं.२६७ मा रहेको **भीरकोट खा.पा.लिफटीङ्ग** तथा घेराबारलाई शंसोधन गरि **भारपादी खा.पा.मोटर खरिद** गर्ने निर्णय गरियो ।

होम बहादुर थापा
अध्यक्ष